जोरायल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा,युवा तथा खेलकुद शाखा

सुदुरपश्चिम,प्रदेश, नेपाल
रावतकट्टे, डोटी।

प.सं.:-२०८२/०८३
च.नं.:-१०५२

श्री सामुदायीक विद्यालयहरु,
(आ.वि कक्षा ६-८ तथा मा.वि कक्षा ९-१२)
जोरायल गाउँपालिका, डोटी।

मिति: २०८२/१०/१८

**विषय: प्रस्ताव पेश गर्ने सम्वन्धमा।**

प्रस्तुत विषय सम्बन्धमा जोरायल गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखाको आ.व. २०८२/०८३ को क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकमा विनियोजित बजेटबाट यस गाउँपालिका अन्तरगत सञ्चालित आधारभुत (कक्षा ६-८) र माध्यमिक (कक्षा ९-१२) सामुदायीक विद्यालयहरु बाट प्रस्ताव माग गरी तपशिल बमोजिमका कार्यक्रमहरु छनौट तथा वितरण गर्नु पर्ने भएकाले तल उल्लेखित कागजपत्र सहित मिति २०८२ फागुन मसान्त कार्यालय समय भित्र इच्छुक विद्यालयहरुले यस शाखामा प्रस्ताव पेश गर्न हुन अनुरोध छ।

२०८२/१०/१८

नि. प्रमुख प्रशासकीय अधिकृत

**तपशिल:**

| क्र.सं. | कार्यक्रम विवरण | आवश्यक कागजपत्रहरु |
|---|---|---|
| १. | उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढिकरणका लागी प्रोत्साहन अनुदान (उच्चतम अंक प्राप्त गर्ने प्रथम र द्धितिय विद्यालयलाई क्रमशः रु ३ लाख र रु २ लाख अनुदान प्रदान गरिने) | १- विद्यालयको माग पत्र तथा विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि,<br>२- विद्यालयले हालको सिकाई उपलब्धिमा थप बृद्धि गर्ने र आफ्ना असल अभ्यासहरु न्युन सिकाई उपलब्धि भएका विद्यालयहरुलाई अनुभप आदानप्रदान गर्नका लागी तयार गरेको प्रवर्धनात्मक क्रियाकलाप सहितको प्रस्तावना पत्र,<br>३- पछिल्लो पटक सञ्चालन भएका कक्षा ८,१० र १२ नतिजाको औषत उपलब्धि (सम्भव भएसम्म EMIS बाट प्रिन्ट गरि प्रमाणित गरेको),<br>४- शैक्षिक सत्र २०८१ को शिक्षक विद्यार्थी औषत उपस्थिति दिन,<br>५- विद्यालयको कक्षा छोड्ने र दोह-याउने दर, (EMIS मा भएको PDR Report प्रिन्ट गरी प्रमाणित गरेको कपी)<br>६- विद्यालयको सेवा क्षेत्र भित्र विद्यालय बाहिर रहेका बालवालिकाको अवस्था सहितको तथ्यांङ्क उल्लेख भएको विवरण (यससंग सम्बन्धित आवश्यक तथ्यांङ्क सम्बन्धित वडामा रहेका CLC हरुबाट पनि प्राप्त गर्न सकिनेछ।),<br>७- आधारभुत विद्यालय तर्फ कम्तिमा ११० जना र माध्यमिक विद्यालयतर्फ कम्तिमा २०० जना विद्यार्थी भएको,<br>८- सामाजिक परीक्षण मापदण्ड-२०७८ को विधि, प्रकृया र पद्धति बमोजिम प्राप्त गरेको समष्टिगत अंक,<br>९- अघिल्लो शैक्षिक सत्रमा यस प्रकृतिको रकम प्राप्त गरेको भएमा कार्यक्रम कार्यान्वयन कार्यविधि बमोजिम गरेको कार्यहरुको विवरण,<br>१०- EMIS मार्फत विद्यालयको Report Card प्रिन्ट गरी प्रमाणित गरिएको प्रति समावेश गर्नुपर्ने,<br>११- उत्कृष्ट सिकाई उपलब्धि भएका विद्यालयलाई सिकाई सुदृढिकरणका लागी प्रोत्साहन अनुदान प्राप्त भएमा विद्यालयले गर्ने मुख्य मुख्य कार्यहरु के के गर्ने उल्लेख गर्ने, |

| | | |
|---|---|---|
| २. | विद्यालयमा भर्चुअल शिक्षण, इल्नीङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागी सामाग् तथा उपकरण व्यवस्थापन र सञ्चालनः (फिक्सिङ, किताव खरिद तथा इ-पुस्तकालय समेत) (प्रति विद्यालय वार्षिक रु १०,००,०००/- (दश लाख मात्र) का दरले जम्मा छनौट हुने विद्यालय संख्या-२ वटा) | १- विद्यालयले अनुदान प्राप्तको लागी माग पत्र,<br>२- अनुदान रकम मागका लागी प्रदेश सरकार तथा अन्य अन्य सरकारी तथा गैर सरकारी निकायबाट यस प्रकृतिको कार्यक्रम माग तथा प्राप्त नगरेको व्यहोरा खुलेको सो घोषणा पत्र,<br>३- आधारभुत तथा माध्यमिक तहमा अध्ययनरत विद्यार्थी संख्या IEMIS मा भएको विवरण अनुसार (EMIS बाट विद्यालयको School Report Card प्रिन्ट गरी प्रमाणित गरेर राख्ने),<br>४- यस स्थानिय तहमा रहेका माध्यमिक विद्यालयहरुले यस प्रकृतिको अनुदान प्राप्त गरिसकेको अवस्थामा उच्च विद्यार्थी संख्या भएको अनुमतिले जेष्ठता क्रमका आधारमा आधारभुत तह कक्षा १-८ सञ्चालित विद्यालयहरुलाई अनुदान उपलब्ध गराउन सकिने हुदा आवश्यक विवरणहरु सहित आधारभुत तह कक्षा १-८ सञ्चालित विद्यालयहरुले पनि प्रस्ताव पेश गर्न सक्नेछन ।<br>५- विद्यालयले प्रस्ताव पेश गर्दा फिक्सिङ, किताव खरिद तथा इ-पुस्तकालय समेत समावेस गरी विद्यालयको वर्तमान आर्तिक,शैक्षिक,भौतीक,व्यस्थापकिय अवस्था, कार्यक्रम माग गर्नुको उद्देश्य, आवश्यकता तथा औचित्यताका साथै कार्यक्रम प्राप्ति पश्चात प्रभावकारी रुपमा सञ्चालन गर्ने योजना समेत समावेश गर्नु पर्नेछ ।<br>**<u>विद्यालय छनौटका आधार तथा प्राथमिकता निर्धाररण</u>**<br>➢ पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएका/प्रयाप्त नभएका विद्यालयहरु,<br>➢ विद्यार्थी संख्या उच्च रहेका विद्यालयहरु,<br>➢ विद्यालयमा कम्प्यूटर विषय अध्यापन गर्ने विदयालयहरु,<br>➢ आवश्यक कोठा तथा अन्य पुर्वाधार रहेका विद्यालयहरु,<br>➢ पुस्तकालय, विज्ञान प्रयोगशाला र ICT ल्याब कुनैपनि प्राप्त नगरेको विद्यालयहरु पहिलो प्राथमिकतामा रहनेछन । यदी माथि उल्लेखित तिनवटै प्याकेजहरुमध्य कुनै एक मात्र प्राप्त गरेको विद्यालयहरुले सोहि व्यहोरा समावेश गरेको प्रस्ताव पेश गर्न सक्नेछ । यस्तो अवस्थामा कुनै प्याकेज प्राप्त नगरेको विद्यालयहरु पहिलो प्राथमिकतामा रहनेछ तत्पश्चात क्रमशः कुनै एक प्याकेज प्राप्त गरेका विद्यालयहरु लाई जेष्ठता र विद्यार्थी संख्याको आधारमा छनौट गरीने छ । |

**नोटः** सूचनामा उल्लेख गरीएका विवरणहरु सहित सबै पक्षलाइ समेटेर तयार गरीएको प्रस्ताव पेश नगरेमा तथा तोकिएको समयमा रित पुर्वक दर्ता नगरेको प्रस्ताव छनौटका लागी शिक्षा समितिमा पेश नगरीने जानकारी गरिन्छ ।

२०८२।१०।१८
नि. प्रमुख प्रशासकीय अधिकृत

Email: teju.gautam42@gmail.com
:oliamrit126@gmail.com
:jorayaledusection2073@gmail.com
Website:jorayalmun.gov.np



सम्पर्क नम्बरः
शिक्षा शाखा प्रमुखः९८४८७६५२८९
प्राविधिक सहायकः९८४२८६९४७३